प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**शैक्षिक शत्र २०८१/०८२ को लागि स्वास्थ्य तर्फका डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरुमा पुर्ण शुल्कीय तर्फ उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुबाट थप शिक्षण संस्था र कार्यक्रममा भर्नाका लागि निवेदन दिने एवं पून: प्रवेश परीक्षाका लागि आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !**

(सूचना प्रकाशित मिति २०८१।०८।२१ गते)

नेपाल सरकार, चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुरको च.नं २७६, मिति २०८१।०८।१४ गतेको सम्वन्धन सिफारिश तथा सिट निर्धारण सम्बन्धी पत्र र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, स्तर निर्धारण तथा सम्वन्धन महाशाखाको च.नं १५७३, मिति २०८१।०८।१९ गतेको पत्रानुसार शैक्षिक शत्र २०८१/०८२ का लागि देहायका शिक्षण संस्था र कार्यक्रमहरुमा प्रशिक्षार्थी भर्नाका लागि लेखी आएको र परीक्षा समितिको मिति २०८१।०८।२० गतेको निर्णयानुसार वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति बाहेकका तोकिएका कोटामा परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०८१।०३।१५ गतेको गोरखापत्र राष्ट्रिय दैनिक र www.ctevtexam.org.np मा प्रकाशित सूचना अनुसार ITMS मा Online Entry भई पुर्ण शुल्कीय तर्फको प्रवेश परीक्षामा सहभागी भएका सवै प्रदेशका परीक्षार्थीहरुलाई (देशैभरीबाट) पुर्ण शुल्कीय लक्षित वर्ग, प्रि-डिप्लोमा कोटाको परीक्षार्थीले सोही कोटामा र सो बाहेकका अन्य कोटामा उत्तीर्ण सूचीमा (Cut off/Pass list) रहेका इच्छुक परीक्षार्थीहरुले मिति २०८१।०८।२७ गते कार्यालय समय भित्र सूचनामा उल्लेखित शिक्षालयमा प्रवेश पत्रको प्रतिलिपी, प.नि.का.को वेवसाइटमा राखिएको नतिजा सिट संलग्न राखी निवेदन दर्ता गर्नु, गराउनु हुनका साथै Cut off/Pass list मा रहेका परीक्षार्थीहरुबाट पनि सिट रिक्त रहेमा आवेदन फाराम भराई तल उल्लेख भए बमोजिम पून: प्रवेश परीक्षा संचालन गर्न गराउनु हुन समेत सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सम्वन्धन स्वीकृत प्राप्त गरेका शिक्षण संस्थाको नाम, ठेगाना, कार्यक्रम र स्वीकृत कोटाको विवरण :**

**कोशी प्रदेश अन्तर्गतका शिक्षण संस्थाहरु**

| क्र.सं | शिक्षालयको नाम, ठेगाना | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|
| १. | सिद्धकाली टेक्निकल इन्स्टिच्यूट, बिर्तामोड, झापा | डिप्लोमा इन फार्मेसी | ४० |
| २. | लाइफलाइन हस्पिटल, दमक-५, झापा | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह अफथाल्मिक साइन्स | ४०<br>४० |
| ३. | ओमसाइ पाथीभरा नर्सिङ्ग कलेज, भद्रपुर, झापा | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह सामान्य चिकित्सा | ४०<br>४० |
| ४. | पुर्वान्चल स्वास्थ्य सहकारी संस्था, बिर्तामोड-३, झापा | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह सामान्य चिकित्सा | ४०<br>४० |
| ५. | सगरमाथा टेक्निकल इन्स्टिच्यूट, बिराटनगर-५, मोरङ्ग | डिप्लोमा इन फार्मेसी | ४० |
| ७. | बिराटनगर मोडेल कलेज, बिराटनगर-३, मोरङ्ग | प्रमाणपत्र तह मेडिकल ल्याव टेक्नोलोजी | ३० |
| ८. | गोल्डेन पार्क कलेज, बिराटनगर, मोरङ्ग | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह डाइग्नोष्टिक रेडियोग्राफी | ४०<br>३० |
| ९. | नेशनल इन्स्टिच्यूट अफ टेक्नोलोजी, बिराटनगर-४, मोरङ्ग | डिप्लोमा इन फार्मेसी | ४० |
| १०. | नवजीवन हेल्थ होम, बिराटनगर-४, मोरङ्ग | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह फिजियोथेरापी | ४०<br>४० |
| ११. | गोल्डेन हस्पिटल, बिराटनगर-७, मोरङ्ग | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह सामान्य चिकित्सा | ४०<br>४० |
| १२. | बिजयपुर टेक्निकल इन्स्टिच्यूट, धरान-१०, सुनसरी | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह मेडिकल ल्याव टेक्नोलोजी<br>प्रमाणपत्र तह सामान्य चिकित्सा | ४०<br>३०<br>४० |
| १३. | मोडर्न इन्स्टिच्यूट, अफ हेल्थ साइन्स, त्रियूगा-३, उदयपुर | डिप्लोमा इन फार्मेसी | ४० |

**मधेश प्रदेश अन्तर्गतका शिक्षण संस्थाहरु**

| क्र.सं | शिक्षालयको नाम, ठेगाना | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|
| १. | जगदम्बा मेडिकल इन्स्टिच्यूट, राजबिराज-८, सप्तरी | डिप्लोमा इन फार्मेसी | ४० |
| २. | छिन्नमस्ता एजुकेशन एकेडेमी, राजबिराज-७, सप्तरी | प्रमाणपत्र तह फिजियोथेरापी | ४० |
| ३. | अग्रिमा एकेडेमी, लहान, सिराहा | डिप्लोमा इन फार्मेसी | ४० |
| ४. | लहान पव्लिक टेक्निकल कलेज, धनगढीमाई-११, सिराहा | प्रमाणपत्र तह सामान्य चिकित्सा | ४० |
| ५. | वीरेन्द्र इन्स्टिच्यूट अफ मेडिकल एण्ड डेण्टल टेक्नोलोजी, जनकपुर-९, धनुषा | प्रमाणपत्र तह डाइग्नोष्टिक रेडियोग्राफी<br>डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह अफथाल्मिक साइन्स | ३०<br>४०<br>४० |
| ६. | नेपाल टेक्निकल इन्स्टिच्यूट, जनकपुर, धनुषा | डिप्लोमा इन फार्मेसी | ४० |
| ७. | सेन्ट्रल हस्पिटल, जनकपुरधाम, धनुषा | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह डाइग्नोष्टिक रेडियोग्राफी<br>प्रमाणपत्र तह सामान्य चिकित्सा | ४०<br>३०<br>४० |

| | | | |
|---|---|---|---|
| ८. | राम जानकी टेक्निकल एकेडेमी, जनकपुर-४, धनुषा | डिप्लोमा इन फार्मेसी | ४० |
| ९. | शुभ स्वस्तिक टेक्निकल इन्स्टिच्यूट, बर्दिवास, महोत्तरी | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह सामान्य चिकित्सा | ४०<br>४० |
| १०. | चित्रगुप्त इन्स्टिच्यूट अफ टेक्नोलोजी, बर्दिवास, महोत्तरी | प्रमाणपत्र तह सामान्य चिकित्सा | ४० |
| ११. | ज्ञान बाटिका इन्स्टिच्यूट अफ टेक्निकल एण्ड मेडिकल साइन्स, परवानीपुर-५, बारा | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह सामान्य चिकित्सा | ४०<br>४० |
| १२. | द हिमाल इन्स्टिच्यूट अफ हेल्थ एण्ड टेक्निकल साइन्स, बिरगञ्ज, पर्सा | डिप्लोमा इन फार्मेसी | ४० |
| १३. | वि.एच.सी मेडिकल कलेज, बिरगञ्ज, पर्सा | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह सामान्य चिकित्सा | ४०<br>४० |

**बागमती प्रदेश अन्तर्गतका शिक्षण संस्थाहरु**

| क्र.सं | शिक्षालयको नाम, ठेगाना | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|
| १. | श्री चितवन कलेज (साविक श्री मेडिकल एण्ड टेक्निकल कलेज), भरतपुर-१०, चितवन | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह डाइग्नोष्टिक रेडियोग्राफी<br>प्रमाणपत्र तह सामान्य चिकित्सा | ४०<br>३०<br>४० |
| २. | भरतपुर सेन्ट्रल हस्पिटल, भरतपुर-१०, चितवन | डिप्लोमा इन फार्मेसी | ४० |
| ३. | जानकी ग्लोबल इन्स्टिच्यूट अफ साइन्स एण्ड टेक्नोलोजी, भरतपुर-९, चितवन | डिप्लोमा इन फार्मेसी | ४० |
| ४. | नेशनल इन्स्टिच्यूट अफ साइन्स एण्ड टेक्नोलोजी, भरतपुर-१०, चितवन | प्रमाणपत्र तह सामान्य चिकित्सा आयुर्वेद | ४० |
| ५. | च्छोरोल्पा जनरल अस्पताल, चरिकोट, दोलखा | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह मेडिकल ल्याव टेक्नोलोजी<br>प्रमाणपत्र तह सामान्य चिकित्सा | ४०<br>३०<br>४० |
| ६. | कान्तिपुर कम्युनिटी हेल्थ सर्भिस, बालाजु-१६, काठमाण्डौ | प्रमाणपत्र तह मेडिकल ल्याव टेक्नोलोजी | ३० |

**गण्डकी प्रदेश अन्तर्गतका शिक्षण संस्थाहरु**

| क्र.सं | शिक्षालयको नाम, ठेगाना | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|
| १. | रिजनल कलेज अफ साइन्स एण्ड टेक्नोलोजी, पोखरा, कास्की | डिप्लोमा इन फार्मेसी | ४० |
| २. | गण्डकी टेक्निकल इन्स्टिच्यूट, पोखरा-१०, कास्की | डिप्लोमा इन फार्मेसी | ४० |
| ३. | कालिका मेडिकल एण्ड टेक्निकल इन्स्टिच्यूट, गैडाकोट-५, नवलपरासी | डिप्लोमा इन फार्मेसी | ४० |
| ४. | धवलागिरी प्राविधिक शिक्षा प्रतिष्ठान, बागलुङ्ग-४, बागलुङ्ग | डिप्लोमा इन फार्मेसी | ४० |

**लुम्बिनी प्रदेश अन्तर्गतका शिक्षण संस्थाहरु**

| क्र.सं | शिक्षालयको नाम, ठेगाना | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|
| १. | कैलपाल हस्पिटल एण्ड कलेज, नेपालगञ्ज, बांके | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह अफथाल्मिक साइन्स | ४०<br>४० |
| २. | कपिलवस्तु टेक्निकल इन्स्टिच्यूट, बाणगंगा-२, कपिलवस्तु | डिप्लोमा इन फार्मेसी | ४० |
| ३. | एडभान्स स्टडिज अफ हेल्थ साइन्सेस, तिलोत्तमा-२, रुपन्देही | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह मेडिकल ल्याव टेक्नोलोजी | ४०<br>३० |

**कर्णाली प्रदेश अन्तर्गतका शिक्षण संस्थाहरु**

| क्र.सं | शिक्षालयको नाम, ठेगाना | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|
| १. | मिड वेष्टर्न कलेज अफ साइन्स एण्ड टेक्नोलोजी, वीरेन्द्रनगर, सुर्खेत | डिप्लोमा इन फार्मेसी | ४० |

**सुदूरपश्चिम प्रदेश अन्तर्गतका शिक्षण संस्थाहरु**

| क्र.सं | शिक्षालयको नाम, ठेगाना | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|
| १. | शैलेश्वरी फारवेष्ट स्कूल अफ हेल्थ साइन्स एण्ड टेक्नोलोजी, धनगढी-१, कैलाली | डिप्लोमा इन फार्मेसी | ४० |

| | | | |
|---|---|---|---|
| २. | नवजीवन कलेज अफ नर्सिङ्ग एण्ड हेल्थ साइन्सेज, धनगढी, कैलाली | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह सामान्य चिकित्सा | ४०<br>४० |

**भर्ना प्रकृया सम्वन्धी निर्देशन :**

१. डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति बितरण तथा भर्ना सम्वन्धी निर्देशिका २०८१ बमोजिम सम्वन्धित शिक्षालयमा गठित नतिजा प्रकाशन उप-समितिले पुर्ण शुल्कीय तर्फका कोटा अनुसार Cut off बाट दर्ता भएका निवेदनहरु मध्येबाट मुख्य र उत्तीर्ण सूचीको छनौट गरी योग्यताक्रमानुसार भर्ना सिफारिश तथा नतिजा प्रकाशन गर्नेछ ।

**२. कोटा निर्धारण सम्वन्धी विवरण :**

| कोटा संख्या | छात्रवृत्ति कोटा | | पुर्ण शुल्कीय कोटाहरु | | |
|---|---|---|---|---|---|
| | बर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटा | जेहेन्दार छात्रवृत्ति कोटा | पुर्ण शुल्कीय लक्षित बर्ग कोटा | प्रि-डिप्लोमा कोटा | पुर्ण शुल्कीय खुला कोटा |
| डिप्लोमा इन फार्मेसी | ३ | १ | ४ | ४ | २८ |
| प्रमाणपत्र तह सामान्य चिकित्सा | ३ | १ | ४ | ४ | २८ |
| प्रमाणपत्र तह अफथाल्मिक साइन्स | ३ | १ | ४ | - | ३२ |
| प्रमाणपत्र तह डाइग्नोष्टिक रेडियोग्राफी | २ | १ | ३ | - | २४ |
| प्रमाणपत्र तह मेडिकल ल्याव टेक्नोलोजी | २ | १ | ३ | १५ | ९ |
| प्रमाणपत्र तह सामान्य चिकित्सा आयुर्वेद | ३ | १ | ४ | ४ | २८ |
| प्रमाणपत्र तह फिजियोथेरापी | ३ | १ | ४ | ४ | २८ |

**३. नतिजा प्रकाशन उप-समिति :**

पूर्ण शुल्कीय तर्फका कोटा अनुसार Cut off भर्ना गर्दा सिट रिक्त रहेमा डिप्लोमा/प्रमाणपत्र तहका स्वास्थ्य तर्फका फार्मेसी, सामान्य चिकित्सा, अफथाल्मिक साइन्स, डाइग्नोष्टिक रेडियोग्राफी, मेडिकल ल्याव टेक्नोलोजी, सामान्य चिकित्सा आयुर्वेद, फिजियोथेरापी कार्यक्रमहरुको नतिजा प्रकाशन गर्न सम्वन्धित शिक्षालयमा देहाय बमोजिमको उप-समिति रहनेछ । उक्त समितिले यथाशिघ्र नतिजा प्रकाशन गर्नुपर्नेछ ।

(क) सम्वन्धित शिक्षालयका प्राचार्य -संयोजक

(ख) सम्वन्धित पालिकाको शिक्षा हेर्ने महाशाखा/शाखा प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी प्रतिनिधि -सदस्य

(ग) सम्वन्धित परिषद्, प्रदेश कार्यालयले तोकेको अधिकृत कर्मचारी -सदस्य

(घ) सम्वन्धित शिक्षालय संचालक समितिले तोकेको प्रशिक्षक वा कर्मचारी -सदस्य सचिव

**नोट :**

१. बर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटाको हकमा सम्वन्धित परिषद्, प्रदेश कार्यालयले शैक्षिक शत्र २०८१/०८२ का लागि मिति २०८१।०४।१२ गते लिइएको सम्वन्धित प्रदेशको सम्वन्धित कार्यक्रममा वर्ग कोटाको उत्तीर्ण/प्रतिक्षा सूचीमा रहेका उम्मेदवारहरुबाट योग्यताक्रमानुसार छनौट गरी मुख्य परीक्षार्थीको रुपमा सिफारिश गरी पठाउनेछ ।

२. प्रतिक्षा सूचीमा रहेको परीक्षार्थीले भर्ना हुन सम्वन्धित शिक्षालय वा परिषद्, प्रदेश कार्यालयमा निवेदन पेश गर्दा कुनै शुल्क लाग्ने छैन । परीक्षार्थीको फोटो सहितको प्रवेश पत्रको प्रतिलिपी, वेवसाइटमा प्रकाशित परीक्षार्थीको उत्तीर्ण सूचीमा रहेको नतिजा Printed कपी, एस.ई ई/एस.एल.सी वा प्राविधिक एस.एल.सी को शैक्षिक प्रमाणपत्रको प्रतिलिपी र परीक्षार्थीको निवेदन सहित शिक्षालयको मूल दर्ता कितावमा दर्ता गर्नुपर्नेछ । तोकिएको समयमा निवेदन दर्ता नभएका परीक्षार्थीहरुको निवेदन उपर कुनै कारवाही हुने छैन ।

३. डिप्लोमा/प्रमाणपत्र तहका सामान्य चिकित्सा, नर्सिङ्ग, फार्मेसी र मिडवाइफरी कार्यक्रमबाट प्रवेश परीक्षा दिई उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुले सम्पुर्ण कार्यक्रमहरुमा मिति २०८१।०८।२७ गते सम्ममा निवेदन दिन सक्नेछन । तर अन्य कार्यक्रमबाट प्रवेश परीक्षा दिई उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुले सामान्य चिकित्सा र फार्मेसी कार्यक्रममा निवेदन दिन पाइने छैन ।

४. शैक्षिक शत्र २०८१/०८२ मा भर्ना भई रजिष्ट्रेशन प्रक्रिया भएका परीक्षार्थीहरुलाई भर्ना प्रक्रियामा समावेश गरिने छैन ।

५. डिप्लोमा/प्रमाणपत्र तहको स्वास्थ्य तर्फ नर्सिङ्ग बाहेकका कार्यक्रमहरुमा पुर्ण शुल्कीय तर्फका स्वीकृत कोटाहरुमा Cut off बाट परीक्षार्थीहरु अपुग भएको खण्डमा पून: प्रवेश परीक्षाका लागि सम्वन्धित शिक्षण संस्थाले आवेदन फाराम भराई तल उल्लेख भए बमोजिमको प्रक्रिया पुरा गर्नुपर्नेछ । साथै परिक्षार्थीको भर्ना संग सगै रजिष्ट्रेशनको फाराम समेत भराउनु पर्नेछ । डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८१ बमोजिम र मिति २०८१।०६।०७ गते प्रकाशित रजिष्ट्रेशनको सूचनाका सम्पुर्ण शर्तहरु शिक्षण संस्थाले पालना गर्नुपर्नेछ ।

**कार्यक्रम :**

- पून: प्रवेश परीक्षाको फाराम भर्ने अन्तिम मिति : २०८१।०८।२१-२०८१।०८।२८ गते कार्यालय समयसम्म
- पून: प्रवेश परीक्षाको फाराम शुल्क रु. १,५००। बुझाउनु पर्नेछ
- शिक्षण संस्थाले ITMS Online मा Entry गर्ने अन्तिम मिति :२०८१।०९।०१ गते राती ११:५९ बजे सम्म
- शिक्षण संस्थाले आवेदन फारामको शुल्क सम्वन्धित परिषद्, प्रदेश कार्यालयको बैंक खातामा दाखिला गर्ने र ITMS Online मा भौचर Upload गर्ने अन्तिम मिति :२०८१।०९।०२ गते
- पून: प्रवेश परीक्षा संचालन हुने मिति २०८१।०९।०४ गते बिहीवार बिहान ८:०० बजे सम्वन्धित शिक्षण संस्थामा

- शिक्षालयमा गठित उप समितिबाट नतिजा प्रकाशन मिति २०८१।०९।०४ गते सम्म
- मुख्य सफल परीक्षार्थी भर्ना हुने म्याद मिति २०८१।०९।०५-९ गते सम्म
- भर्ना हुन नआएको विवरण सहितको सूचना प्रकाशन गर्नुपर्ने मिति २०८१।०९।११ गते
- उत्तीर्ण सूचीको परीक्षार्थीले निवेदन दिने म्याद मिति २०८१।०९।११-१४ गते
- रजिष्ट्रेशनको Online Entry गर्ने अन्तिम म्याद मिति २०८१।०९।१६ गते सम्म
- शिक्षण संस्थाले रजिष्ट्रेशन शुल्क सम्वन्धित परिषद्, प्रदेश कार्यालयको बैंक खातामा दाखिला गर्ने र ITMS Online मा भौचर Upload गर्ने अन्तिम मिति :२०८१।०९।१७ गते
- शिक्षण संस्थाले समष्टिगत विवरण, सम्पुर्ण शुल्कहरु सहित रजिष्टेशन फाइल सम्वन्धित परिषद्, प्रदेश कार्यालयमा बुझाउने अन्तिम मिति २०८१।०९।२१ गते सम्म

६. परीक्षार्थीले भरेका प्रवेश परीक्षाका आवेदन फारामहरु सम्वन्धित **शिक्षालयहरुले मिति २०८१ मंसिर २७ गते बिहीवार देखि २०८१ पुस १ गते सोमवार सम्म** परिषद्, प.नि.का बाट उपलब्ध गराइएको Web Based Online Integrated Training Management System (ITMS) मा Entry गरी सक्नुपर्नेछ । परीक्षार्थीले भरेको आवेदन फाराम सम्बन्धित शिक्षालयले तोकिएको मिति भित्र Online ITMS मा Submit नभएमा वा Entry गरी Confirm नभएका आवेदन फाराम स्वीकृत हुने छैन र त्यस्ता परीक्षार्थीलाई योग्यताक्रमको सूचीमा समावेस गरिने छैन । सो को जिम्मेवार सम्बन्धित शिक्षालय हुनेछ ।

७. प्रवेश परीक्षा संग सम्वन्धित माथि उल्लेखित शुल्क शिक्षालयले परिषद्को खातामा Online बाट वा सम्वन्धित प्रदेश कार्यालयको खाता रहेको राष्ट्रिय वाणिज्य वैंकमा जम्मा गर्नु पर्नेछ र जम्मा गरेको भौचरलाई ITMS Online मा Upload गरी सम्वन्धित परिषद्, प्रदेश कार्यालयबाट Approval भएपछि परीक्षार्थीहरुको प्रवेश पत्र Print गरी सही छाप गरेर बितरण गर्नुपर्नेछ ।

**(क) डिप्लोमा तथा प्रमाणपत्र तहको सामान्य चिकित्सा, फार्मेसी कार्यक्रमको** प्रति परीक्षार्थी प्रवेश परीक्षा दस्तुर रु. १,५००। का दरले Online बाट परिषद्को खातामा वा प.नि.का.बाट प्रकाशित सूचनामा उल्लेखित खातामा प्रवेश परीक्षाको समष्टिगतमा भएको आवेदक संख्या बराबरको प्रवेश परीक्षा दस्तुर र सूचना प्रकाशन शुल्क एकमुष्ट जम्मा गरेको भौचर बुझाई प्रदेश कार्यालयबाट रसिद लिनु पर्नेछ ।

**(ख) डिप्लोमा तथा प्रमाणपत्र तहको सामान्य चिकित्सा, फार्मेसी कार्यक्रम बाहेक अन्य सम्पुर्ण कार्यक्रमको** प्रति परीक्षार्थी प्रवेश परीक्षा दस्तुर रु. १,५००। मध्ये रु ५००। सम्वन्धित शिक्षालयले नतिजा तयारी, नतिजा प्रकाशन, उप-समितिका पदाधिकारीहरुको पारिश्रमिक भुक्तानी लगायतका परीक्षा सम्वन्धी कार्यका लागि राखि प्रति परीक्षार्थी रु १,०००। का दरले Online बाट परिषद्को खातामा वा प.नि.का.बाट प्रकाशित सूचनामा उल्लेखित खातामा उल्लेखित खातामा प्रवेश परीक्षाको समष्टिगतमा भएको संख्या बराबरको प्रवेश परीक्षा दस्तुर र सूचना प्रकाशन शुल्क एकमुष्ट जम्मा गरेको भौचर बुझाई प्रदेश कार्यालयबाट रसिद लिनु पर्नेछ। प्रवेश परीक्षा संचालन तथा नतिजा प्रकाशन वापत प.नि.का. तथा सम्वन्धित परिषद्, प्रदेश कार्यालयबाट अन्य कुनै पनि खर्च रकम सोधभर्ना उपलब्ध गराइने छैन ।

(ग) डिप्लोमा तथा प्रमाणपत्र तहको प्रति कार्यक्रम रु. ५,०००।- का दरले सूचना प्रकाशन शुल्क र एकै शिक्षालयमा सोही तहमा एक भन्दा बढी कार्यक्रम सञ्चालन भएको खण्डमा प्रति कार्यक्रम थप रु.३,०००।- का दरले हुन आउने थप रकम एकमुष्ठ बुझाउनु पर्नेछ ।

(घ) परिषद्वाट निजी स्तरमा कार्यकम सञ्चालनको सम्वन्धन/स्वीकृती पाएका शिक्षालयहरुले रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. २,५००।- र संस्थागत विकास शुल्क प्रति विद्यार्थी रु. २,०००।- दरले एकमुष्ट बुझाउनु पर्नेछ ।

८. **शुल्क बापतको रकम बैंक भौचर** दाखिला गर्ने परिषद्का प्रदेश कार्यालयहरुको बैंक खाता बिवरण यस प्रकार रहेको छ ।

(क) प्रा.शि.व्या.ता.परिषद्, कोशी प्रदेश कार्यालय, ईटहरी, सुनसरीः रा.बा.बैङ्क, इटहरी शाखा, च.हि.नं. २५५०१००००१२७८००१,
(ख) प्रा.शि.व्या.ता.परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुर, धनुषाः रा.बा.बैङ्क, जनकपुर शाखा, च.हि.नं. १५२०१००००२६३९००१,
(ग) प्रा.शि.व्या.ता.परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडाः रा.बा.बैङ्क, हेटौंडा शाखा, च.हि.नं. १३००१००००३६६९००१,
(घ) प्रा.शि.व्या.ता.परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्कीः रा.बा.बैङ्क, पार्दी, पोखरा शाखा, च.हि.नं. ३५००१०००००२३४००१,
(ङ) प्रा.शि.व्या.ता.परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देहीः रा.बा.बैङ्क, बुटवल शाखा, च.हि.नं. ३३६०१०००००३६१००१,
(च) प्रा.शि.व्या.ता.परिषद्, कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेतः रा.बा.बैङ्क, सुर्खेत शाखा, च.हि.नं. ४०८०१०००१५५२८००१,
(छ) प्रा.शि.व्या.ता.परिषद्, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलालीः रा.बा.बैङ्क, धनगढी शाखा, च.हि.नं. ४१७०१००००६५०८००१

९. सम्वन्धित पाठ्यक्रममा निर्दिष्ट गरेका लक्ष्यहरु हासिल गर्न र सम्वन्धित व्यावसायिक परिषद्ले तोकेको मापदण्ड पुरा गर्न गराउन जाडो, गर्मी बिदा, सार्वजनिक बिदा तथा बिहान बेलुकी समेत थप कक्षाहरु संचालन गरी गराई मापदण्ड पुरा गराउने र शैक्षिक क्यालेण्डर अनुसार पठनपाठन पुरा गराउने जिम्मेवारी शिक्षण संस्थाको हुनेछ ।

१०. शैक्षिक शत्र २०८१/०८२ मा पहिलो पटक परिषद्बाट सम्वन्धन/स्वीकृत पाई कार्यक्रम संचालन गर्न आवेदन फाराम भराउने शिक्षण संस्थाहरुले ITMS मा आवेदन फाराम भर्नका लागि कार्यालयको आधिकारीक पत्र info@ctevtexam.org.np मा पठाई Username र Password प्राप्त गर्न सकिनेछ । उक्त पत्रमा प्राचार्यको नाम, मोबाइल नं र इमेल उल्लेख गरी २०८१ मंसिर २५ गते भित्रमा पठाउनु पर्नेछ र सो समयमा आफ्नो User र Password नलिई परीक्षार्थीहरुको आवेदन फाराम Online ITMS मा Entry नभएमा शिक्षालय नै जिम्मेवार हुनेछ ।

**पूनश्चः** शिक्षण संस्थाहरुले परीक्षार्थीहरु छनौट, भर्ना सिफारिश तथा नतिजा प्रकाशन गर्दा डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति बितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८१ मा भएको व्यवस्था अनुसार गर्न/गराउनु हुन जानकारी गराइन्छ ।

**यो सूचना www.ctevtexam.org.np मा हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**